# भजनी नगरपालिका

## प्रथम नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७४/७५ को नीति, कार्यक्रम तथा बजेट

## (**Policy, programs and Budget** )

*आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण विकासको आधार ।*
*शिक्षा, स्वास्थ्य, कृषि र सडकको सम्बृद्धि भजनीको पूर्वाधार ॥*

यस नगरसभा अधिवेशनका प्रमुख अतिथि लेखराज भट्टज्यू, विशिष्ठ अतिथि व्यवस्थापिका संसदका माननीय सदस्यज्यू पुर्व सांसद ...ज्यू, श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,एवं भजनी नगरपालिकाका उप प्रमुखज्यू,श्री वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु वडा सदस्यज्यूहरु, कार्यकारी अधिकृतज्यू, विभिन्न राजनैतिक दलका केन्द्रीय सदस्यज्यूहरु, जिल्लास्थित विभिन्न राजनैतिक दलका प्रमुखज्यूहरु, नगरस्थित विभिन्न राजनैतिक दलका प्रमुखज्यूहरु सम्पूर्ण सरकारी कार्यालयका प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखहरुज्यू भजनीउद्योग वाणिज्य संघका अध्यक्षज्यू, नागरिक सचेतना केन्द्रका संयोजकज्यूहरु, सम्पूर्ण संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु, समाजसेवी, राजनीतिकर्मी, बुद्धिजीवी, सञ्चारकर्मी साथीहरु लगायत आदरणिय उपस्थित सम्पूर्ण माहानुभावहरु ।

सर्वप्रथम यस नगरसभा अधिवेशन उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ठ अथितिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा आयोजक भजनी नगरपालिका परिवारको तर्फबाट कृतज्ञता सहित स्वागत गर्दछु ।

यस गरिमामय तथा महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राणको आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

भरखरै सम्पन्न स्थानीय तह निर्वाचनमा हामीलाई अत्यन्त माया र भरोसा गरी आफ्नो अमुल्य मत प्रदान गर्नुभई विजयी गराउनु भएकोमा सबै भजनी नगरवासी आमा, बुबा, दाजुभाई, दिदी बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद समेत टक्र्याउँदछु ।

दुई दशकदेखि स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि बहाल हुन नसकीरहेको अवस्थामा हालै सम्पन्न निर्वाचनबाट निर्वाचित भई पहिलो नगरसभा अधिवेशनमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेकोछ । यो घडीमा म भजनीको कुशल नेतृत्व गरीसक्नु भएका पूर्ववर्ति नेतृत्व प्रति सम्मान व्यक्त गर्दछु । त्यस्तै भजनी नगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध भजनी नगरपालिकाको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यप्रणाली स्थापना पछि पहिलो पटक स्थानीय तह निर्वाचन सम्पन्न भएकोछ । भजनी नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरुले तपाईहरु

आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दै भजनी नगरपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहने बाचा गर्दछौ ।

नयाँ सविधान अनुरुप नयाँ ढाँचामा संगठन व्यवस्थापन गर्नुपर्ने चुनौती एकातिर हामीसंग छ भने अर्कोतिर भरखरै नयाँ गठन भएको भजनी नगरपालिकाको भौतिक पूर्वाधारहरु विकास भई नसकेको, कर्मचारीहरुको व्यवस्थापन नभएको, विभिन्न ऐन नियम र निर्देशिकाहरु तयार भइ नसकेको र प्रशासनिक भवनको कमीका बीचमा भजनी नगरपालिकालाई अगाडि बढाउदै लानुपर्ने चुनौतीहरु हामी माझ छ । स्थानीय तहको निर्वाचन प्रक्रियाबाट जनप्रतिनिधिहरुको बहाली हुनासाथ भजनी नगरबासीहरुको आकांक्षामा भएको बढोत्तरीलाई एकैपटक सम्बोधन गर्न बिद्यमान स्रोत साधनको सिमितताले पुरा नहुन सक्छ यद्यपी यी चुनौतिहरु हामी माझ फैलिरहँदा पनि आगामी पाँच वर्षभित्र नगरबासीका सबैखाले जटिलताहरुलाई पूरा गर्ने बचनवद्धता व्यक्त गर्दछु । तदअनुरुप चालु बर्षको लागि निती कार्यक्रम तथा योजना तर्जुमा गरी सो अनुरुप अघि बढ्न आवश्यक देखेको छु ।

अतः भजनी नगरपालिकाको चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम बनाउँदा **“आर्थिक, सामाजिक,साँस्कृतिक रुपान्तरण विकासको आधार शिक्षा, स्वास्थ्य, कृषि र सडक भजनीको पूर्वाधार”**
भन्ने मुल नारालाई बृहत्तर योजनामा समाहित र सहयोगी हुनेगरी चालू आर्थिक वर्ष २०७४/७५ को वार्षिक नीति तथा कार्यक्रमहरु अवलम्बन गरी सोहि अनुसारका नीति तथा कार्यक्रमहरु यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु :

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- राजस्व परामर्श समितिको निर्णय तथा सिफारिस सहितको प्रतिवेदन,
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस तथा निर्णय,
- विगत बर्षहरुमा सम्पन्न भएका नगर परिषदका बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- स्रोत परीचालन निर्देशिका, २०६९,
- वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४,

# <u>नगर विकास कार्यक्रमिक नीतिहरु</u>

१. नेपालको संविधानद्धारा स्थानीय तहमा प्रत्योजित गरेको अधिकारलाई भजनी नगरपालिका र यसका सम्पूर्ण वडामा पुर्‍याउदै नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै जनमुखी सेवाको अनुभुती गराईने छ ।

२. भजनी नगरक्षेत्र भित्रको अव्यवस्थित बसोवास गरीरहेका सुकम्बासि, मुक्तकमैया, राजी तथा भुमिहिन समुदायलाई उचित किसिमको बस्ती व्यवस्थापन गर्न **भु उपयोग निती** लागु गरीने छ ।

३. नगर क्षेत्रभित्र निर्माण हुने निजि तथा सार्वजनिक भवनको भुकम्प प्रतिरोधात्मक नक्सांकनलाई अनिवार्य गरी **बालमैत्री तथा अपाङ्गमैत्री** सार्वजनिक भवनमा जोड दिइनेछ ।

४. दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशीलताको विकास, सहरी पूर्वाधार निर्माण र समाजमा व्याप्त विभेद, शोषण र उत्पीडन तथा महिला हिंसाको अन्त्य गरी समृद्ध, समुन्नत समाज निर्माणको आधार तयार गरिनेछ ।

५. भजनी नगरपालिकाका गतिबिधि तथा कार्यक्रमहरु जनताको हितमा हुने गरी सामाजिक, आर्थिक, सांस्कृतिक र राजनितिक रुपमा पछाडि परेका मुक्तकमैया, राजी, कुमाल, मधेषी, मुस्लीम, सुकुम्बासी, विपन्न घरपरिवार, अनाथ, असहाय, दलित, महिला, बालबालिका,जेष्ठ नागरिक, शहिद परिवार तथा श्रमिक वर्ग समुदायहरुलाई प्राथमिकतामा राखी तयार पारिनेछ ।

६. भजनी नगरपालिकाको काम कारबाहीमा विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, आर्थिक सुशासन तथा सामाजिक न्यायको सिद्धान्तलाई अंगिकार गरिनेछ ।

७. भजनी नगरपालिकाका जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप, क्षमता र स्रोत साधनलाई बढवा दिई कृषिलाई आधुनिकीकरण गरी व्यवसायिमुखी बनाउने नीति अवलम्बन गरिनेछ ।

८.प्राकृतिक प्रकोप तथा द्धन्दमा परेका समुदायका लागि  बिशेष योजना बनाई बार्यक्रम संचालन गरिनेछ ।

९. यस नगरपालिकाका कार्यक्रमहरु तर्जुमा गर्दा सिंगो नगरलाई **Green and Clean City** सहितको नीती अवलम्बन गरिनेछ ।

११. नगरपालिकाको आर्थिक समृद्धिलाई बलियो बनाई विकासका पूर्वाधारहरु दिगो रुपले संचालन गर्न जनताले तिर्ने करको दायरालाई फराकिलो बनाई लागु गरिनेछ ।

**१२. वडा वडामा कृषि प्राविधिक, टोलटोलमा टोल सुधार विकास समिति, वडावडामा नगर स्वास्थ्यकेन्द्र, बस्तीबस्तीमा सुविधा सम्पन्न खोप केन्द्र, जेष्ठ नागरिक क्लव,** नदी किनारा तथा ऐलानी पर्ती खाली जमिनमा सार्वजनिक उद्यान एवं व्यवस्थित खेलमैदानका साथ सहरी पूर्वाधार सहितको व्यवस्थित नगर बनाउने नीति अवलम्बन गरिनेछ ।

**१३. जनताको सक्रियतामा, जनताको खुशियाली भजनी समृद्धि नगर बनाउन** जनताको लागत सहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।

१४. भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जिम्मेवार नगर प्रशासन वनाउन भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

१५. वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू, अनुसन्धानकर्ता र प्राज्ञहरूका रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

१६. चालू आर्थिक वर्षभित्र आम जनताका सुझावहरूलाई समेट्दै विज्ञहरूको सहयोगमा भजनी नगरपालिकाको अल्पकालीन तथा दीर्घकालीन विकाससम्बन्धी विस्तृत **गुरूयोजना निर्माण** गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७. नगर निर्माणको कार्यमा विभिन्न तहका योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागीता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

१८. भजनी नगरक्षेत्र भित्रका  कनरा,काडा,मोहना र पथरिया नदीको बालुवा, गिट्टी, ढुङ्गा तथा रोडा, दहतर-वहतर आदिको रोयल्टीबाट आउने बजेटको निश्चित प्रतिशत नदी किनारका समुदायको सुरक्षित आवास र आयआर्जन मूलक कार्यक्रम तथा भजनीको विकास निर्माणमा लगानी गरिने नीति अबलम्बन गरिनेछ ।

१९. भजनी नगरपालिकामा सभा समारोह, विभिन्न मेलापर्व तथा महोत्सव संचालन गर्न आफ्नो जग्गा  नभएकाले सार्वजनिक जग्गाको संरक्षण गर्ने पहल गरिनेछ ।

२०. नगरपालिकाका वडाहरुको कार्यसम्पादन, राजश्व प्राप्ती र राजश्व दाखिला लगायतका सुचाङ्कका आधारमा वडा स्तरको अर्धवार्षिक कार्यसम्पादन समीक्षा गरिनेछ ।

२१. वजेट विनियोजन भएका हरेक कार्यक्रम र योजनाका हकमा योजना भएमा सम्झौता तथा कार्यक्रम भएमा प्रस्ताव सहित स्वीकृत भएपछि मात्र कार्य लागु गर्ने, गराउने व्यवस्था गरिने छ साथै तोकिएको समयमै कार्य सम्पन्न गर्न अभिप्रेरित गरिने छ र तोकिएको समयमा सम्पन्न नगर्नेका हकमा उक्त कार्यक्रम वा योजनालाई अर्को तर्फ रुपान्तरण गर्न सकिने छ ।

२२. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक ऋण तथा अनुदान लिन सकिनेछ ।

# नीति तथा कार्यक्रमहरु
# (**Policy and programs**)

## क.भौतिक पूर्वाधार विकास तर्फ :

## “भजनी नगर सरकार : पूर्वाधार विकासको आधार”

### १. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण :

१.१ नगरपालिकामा नक्सा पास नगरी बनाईएका घर वा एक तलाको नक्सा पास गरेको तर अरु तलाको नक्सा पास नगरी निर्माण भएका घरहरुले २०७४ श्रावण १ देखी २०७५ आषाढ मसान्त सम्ममा घरनक्सा अभिलेखीकरण/नियमित गर्ने व्यवस्था गरिएकोछ ।

१.२ नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो छरितो र जनतालाई सुविधामुखि बनाउनका लागि प्रत्येक वडा कार्यालयका लागि भुकम्प प्रतिरोधात्मक नक्सांकनलाई अनिवार्य गरी अपाङ्गमैत्री स्थायी भवन निर्माण गर्न यसै आ.व.देखी रकम विनियोजन गरी भवन निर्माणको कार्य सुरु गरिनेछ ।

१.३ नगरपालिकाको क्षेत्रभित्र वडा नं. १ भजनीको दक्षिण भागमा साझा गोदाम रहेको उपयोगविहिन  जग्गामा  आधुनिक सुविधा सम्पन **नगरपालिका भवन** निर्माण गर्न पहल गरिनेछ ।

१.४ भजनीमा  बसपार्क निर्माणको लागी पहल गरीने छ ।

१.५ सार्वजनिक बाटोघाटोहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त बाटोहरु खोलिने छ र बाटो सडक नपुगेका ठाउहरुमा मापदण्ड अनुरुप नया निर्माण गरिनेछ ।

१.६ भजनी नगरपालिकाको यसै वर्ष देखि एकिकृत शहरी विकास योजना तयार गरिनेछ

१.७ भजनी नगरपालिकाको प्राथमिक तथ्याङ्कको आधारमा सुचाङ्क तथा **नगर पार्श्वचित्र** (**City profile**) तयार गरिनेछ ।

१.८  अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न **पुनः सर्वे नापी** कार्यको शुरुवातका लागि पहल गरिनेछ ।

### २. सिचाई :

२.१ कृषिमा आधुनिकता ल्याउन किसानहरुका लागि ट्युबेल उपलब्ध गराउने कार्यक्रम ल्याइने छ ।

२.२ वैकल्पिक सिचाईको व्यवस्थाका लागि भुमिगत सिचाईको लागि आवश्यक पहल गरिनेछ ।

### ३ सडक तथा पुल :

३.१ यस नगरपालिकाको कृषि सडकहरुको स्तरउन्नतीलाई प्राथमिकतामा राखी वडाका सबै सडकहरुमा ग्राभेल गर्ने आवश्यकता भएको ठाउँमा यथाशिघ्र कल्बर्ट निर्माण तथा ह्युमपाइपहरुको व्यवस्था गरिनेछ ।

३.२ झुलुङ्गे पुल हाल्नु पर्ने स्थानको सम्भाव्यता अध्ययन गरी आवश्यक ठाउँमा झुलुङ्गे पुल निर्माणका लागि पहल गरिनेछ ।

३.४ भजनी नगर क्षेत्र समेटिने गरी नगर चक्रपथ निर्माण कार्यको शुरुवात गरिनेछ ।

३.५. नेपाल भारत सिमामा रहेको मोहना नदी गुलरिया घाटमा पक्कि पुल निर्माणका लागी नेपाल सरकार संग आवश्यक पहल गरिनेछ ।

## ४ खानेपानी पूर्वाधार कार्यक्रम :

४.१ नगरबासीले स्वच्छ पानी पिउन पाउनु पर्ने अधिकारको सम्मान गर्दै खानेपानी उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्र निर्माणधिन अवस्थामा रहेका खानेपानी आयोजनाहरुलाई तदारुकताका साथ संचालनमा ल्याइनेछ ।

४.२ नगर क्षेत्रभित्रका खानेपानी हेण्डपम्पहरुमा आउने पानीको परीक्षण गरी शुद्ध पिउने पानीको व्यवस्था गरिने छ ।

## ५ भौतिक योजना तथा औद्योगिक नीति :

५.१ नगरपालिका भित्र बिगतदेखि सञ्चालित क्रमागत योजनाहरूलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ भने मर्मत संभार कोषलाई व्यवस्थित बनाउन आवश्यक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

५.२ **भजनी** नगरपनलिकाको आर्थिक विकासका लागि औद्योगिकक्षेत्रको विकासमा विशेष जोड दिईनेछ ।

## ६. सुचना तथा संचार प्रविधि :

६.१ नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिनेछ ।

६.२ सूचना संचारमा सबै नगरबासीको पहुच पुऱ्याउन प्रभावकारी दूरसञ्चार सेवाको विस्तार गर्दै सबै विद्यालय, प्रशासनिक भवन, नगर/वडा सभा भवन, स्वास्थ्य केन्द्र, हुलाक कार्यालय र सुचना केन्द्रवाट सूचना प्रवाह हुने वातावरण वनाउन प्रत्येक वडामा टेलिफोन सेवा विस्तार गर्दै वडाहरुमा ईन्टरनेट सेवा विस्तार गर्नका लागि प्रयत्न गरिनेछ ।

## ७ विद्युत तथा उर्जा सम्बन्धि :

७.१ **उज्यालो भजनी नगर** भन्ने नारालाई केन्द्रित गर्दै नगर सडक र टोल वस्तीहरुमा सौर्य सडक बत्तिको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

## ८ श्रम तथा रोजगार सम्बन्धि :

८.१ **मर्यादित श्रम, सम्मानित श्रमिकको** नारालाई जोड दिदै महिला, पुरुषको विचमा मर्यादित काम र समान कामको समान पारिश्रमिकको अन्तराष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गर्न समान काम समान ज्याला निती लागु गरिनेछ ।

८.२ आर्थिक, सामाजिक, शैक्षिक हिसावले कमजोर भई वेरोजगारी युवा वर्गहरुका लागि रोजगारमुलक तथा सिपमुलक तालिमहरुको व्यवस्था गर्ने र सरकारी सेवामा उनीहरुको

सहभागिता अभिवृद्धिका लागि **लोकसेवा परीक्षा तयारी कक्षा एवं सिपमुलक तालिम संचालन** गरिनेछ।

८.३ पेशागत समुदायका युवाहरुको परम्परागत सीप, कला संरक्षण सम्वर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यवसायीकरण मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ।

## ख. आर्थिक विकास क्षेत्र :

### १. आर्थिक विकास र समृद्धि :

१.१ नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण बनाईनेछ

१.२ करदातालाई प्रोत्साहन गर्ने गरी स्वैच्छिक कर बुझाउने परिपाटीको विकास गरिनेछ।

१.३ नेपालको संबिधानको अनुसूची ८ मा उल्लिखित अधिकारको सूचि अन्तर्गतको स्थानीय कर ( सम्पति कर, घर बहाल कर, घर जग्गा रजिश्ट्रेसन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, बिज्ञापन कर, ब्यवसाय कर, भूमि कर (मालपोत) दण्ड जरिवाना, मनोरन्जन कर समेतको दायरा फराकिलो बनाई कुनैपनि करदाता करको दायरा भन्दा बाहिर नरहने व्यवस्था मिलाईनेछ ।

१.४ राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समिति गठन भैसकेकोले सापेक्ष राजस्व नीति तथा संस्थागत क्षमतामा सुधार ल्याईनेछ।

१.५ नगरपालिकाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको ताल तलैया ,घाटठेक्कालाई प्रभावकारि रुपमा लागु गरिनेछ।

### २. कृषि विकास कार्यक्रम:

२.१ **किसानको आर्थिक सबलिकरण, कृषिमा आधुनिकिकरण** नारालाई कार्यान्वयनमा ल्याउन किसानलाई सुपथ मूल्यमा गुणस्तरिय मल, विउ, विजन, औजार तथा उपकरणहरु उपलब्ध गराउन कृषि कार्यालय मार्फत नगर स्तरिय कृषि उत्पादन संकलन तथा बिक्री वितरण केन्द्रको व्यवस्था गरिनेछ।

२.२ **प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम** लागु गर्न पहल गरिने छ।

२.३ **जैविक (Organic) खेति प्रणालीलाई** प्रबर्द्धन गरी कृषिलाई व्यवसायिक बनाउन प्रोत्साहनमुलक कार्यक्रमहरु ल्याइनेछ।

२.४ भजनी नगरपालिका भित्रको खेतियोग्य जमिनको माटो परिक्षण गरी कृषि व्यवसायी सबलिकरण कार्यक्रम लागु गरिनेछ।

२.५ किसानहरुलाई आत्मनिर्भर बनाई आय स्तरमा बृद्धि गर्नका लागि बेमौसमी तरकारी खेति सम्बन्धि तालिमहरु संचालन गरी कृषि व्यवसायलाई पेशामुखी बनाउन प्रयत्न गरिनेछ।

२.६ कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि कृषि हाटबजार, शितभण्डारण, बिउ बैंक र प्रशोधन केन्द्रको निर्माण लगायतका कार्यकम सञ्चालन गरिनेछ।

२.७ यसै आ.व देखि भजनी नगरपालिका क्षेत्रमा खाद्यान्न संकलन, भण्डारण तथा वितरणका लागि खाद्य डिपो संचालनका लागि पहल गरिनेछ ।

२.७ अनिबार्य कृषि बालि विमा कार्यक्रम लागु गरिनेछ ।

## ३ पशु विकास कार्यक्रम :

३.१ नगरक्षेत्र भित्र उचित ठाउको पहिचान गरी **पशु हाटबजार केन्द्रको स्थापना गरिने छ ।**

**३.२** छाडा चौपायाहरुको व्यवस्थापन गरिनेछ ।

**३.३ पशु बिमा कार्यक्रम** लागु गरिनेछ ।

३.४ अव्यवस्थित रुपमा भैरहेको मासु विक्री केन्द्रलाई निरुत्साहित गरी व्यवस्थित तथा निश्चित ठाउमा पशु बधस्थल स्थापना गरीनेछ ।

## ४ सहकारी तथा गरिबी निवारण कार्यक्रम :

४.१ सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंक तथा सहकारीहरू संगको सहकार्यमा **नगर समृद्धिको यात्रा सहकारी र बैंकहरूसंग** को नारालाइ सार्थक पारिनेछ ।

४.२ दैनीक उपभोग्यवस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

४.३ नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासागको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाका लागि पहल गरिनेछ ।

४.४ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पानमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न बिशेष नीति अबलम्बन गरीनेछ ।

४.५ **एक वडा एक सहकारीको** नीति अवलम्वन गरिनेछ ।

## ५ संस्कृति तथा पर्यटन विकास कार्यक्रम :

५.१ नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको विकास गरी पर्यटकीय क्षेत्रहरुमा नीजि, सार्वजनीक साझेदारीमा सडक, अतिथि गृह, विश्राम स्थल, पुरातत्व तथा कला संस्कृतिको जगेर्ना, शौचालय, खानेपानी लगायतका पूर्वाधार, पर्यटन मार्ग निर्माण गरी पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

५.२ बहुजातिय,बहुभाषिक बहुसांस्कृति तथा बहुधार्मिक रुपले ऐतिहासिक महत्व झल्किने गरी सामाजिक सदभाव कायम राख्न **बहुसांस्कृतिक कला केन्द्र तथा संग्रहालयको** स्थापनाको अध्ययन गरि आवश्यक पहल गरिनेछ ।

## ६ उद्योग तथा वाणिज्य तर्फ कार्यक्रम :

६.१ स्थानीय स्तरमा साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीति अबलम्बन गरीनेछ साथै महिलालाई थप प्रोत्साहान गरीनेछ ।

६.२ सार्वजनीक निजी साझेदारीको सहकार्यमा जोड दिइनेछ ।

६.३ ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहका रोजगारी सृजना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

## ग. सामाजिक विकास क्षेत्र :

## १ शिक्षा विकास तर्फ

१.१ **समाज निर्माणको आधार, गुणस्तरिय शैक्षीक पूर्वाधार** सम्बन्धिका सम्पूर्ण नितीगत विषय तथा कार्यक्रमलाई प्रभावकारी रुपले संचालन गर्न नगर प्रमुखको नेतृत्वमा गठन हुने नगर शिक्षा समितिले उपयुक्त निती र्निमाण गरी लागु गरिनेछ ।

१.२ नगरको आवश्यकता अनुसार थप सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा वृद्धि गरी समुदायको हितमा प्रयोग गर्नुका साथै संस्थागत विद्यालयको अनुगमन मुल्याङ्कन गरी स्कुल दर्ता, नवीकरण गरिने छन ।

१.३ नगरका सवै वालवालिकालाई आधारभूत तथा माध्यामिक तहसम्म अंग्रेजी माध्यममा निःशुल्क शिक्षा उपलव्ध गराई **शिक्षित र सवल** नगर वनाउने नीति अबलम्वन गरिने छ ।

१.४ सामुदायिक विद्यालयहरुलाई विद्यार्थी अनुपातको आधारमा ६० प्रतिशत शैक्षिक गुणस्तर र ४० प्रतिशत अतिरिक्त क्रियाकलाप अनिवार्य गराउन नगर शिक्षा निती लागु गरिने छ ।

१.५ भजनी नगर सरकारबाट प्रत्येक वर्ष एस.ई.ई तथा प्लस टु परीक्षामा उत्कृष्ट अंक ल्याउने तथा अल्पसंख्यक, आदिवासी जनजाति, दलित, मुस्लीम, मधेषी, फरक क्षमता भएका, असहाय तथा शहिद परिवारका विद्याथीहरुको छनौट गरी प्राविधिक शिक्षा प्रति आकर्षित बनाउन **विशेष छात्रवृत्ति पुरस्कारको** व्यवस्था गरिनेछ ।

१.६ **आजका नानी भविष्यका कर्णधार** भन्ने नारालाई ध्यानदृष्टि गर्दै मन्टेश्वरी विधीमा तालिम प्राप्त जनशक्तिलाई प्रोत्साहान गरिनेछ ।

## २ खेलकुद विकास कार्यक्रम :

२.१ भजनी नगरबासीलाई शारिरीक र मानसिक रुपले तन्दुरुस्त राख्न, सामुहिक भावनाको विकास गर्ने, अनुशासित,मर्यादित जीवनयापन गर्न सिकाउने तथा सामाजिक सद्भावलाई कायम राख्ने उद्देश्यले भजनी नगरपालिकाको ९ वटै वडाहरुमा उचित स्थानको पहिचान गरी खेलकुदहरु संचालन गर्नका लागि व्यवस्थित खेल मैदानको साथै वडा नं. १ मा खुल्ला मञ्च तथा कवर्ड हल निर्माणका लागि पहल गरिनेछ ।

२.२ विभिन्न खेलकुद क्रियाकलापलाई संचालनमा ल्याउन नगर प्रमुखको निर्देशनमा नगर स्तरिय खेलकुद विकास समिति गठन गरी संचालन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

२.३ नगर स्तरिय खेलकुद विकास समितिको मातहतमा वडा स्तरिय खेलकुद विकास समिति गठन गरी कार्य संचालन गरिने छ ।

## ३. स्वास्थ्य विकास कार्यक्रमहरु :

३.१ भजनीमा रहेको प्रा.स्वा.केन्द्रको स्तरोन्नती गरि आधुनिक सुविधा सम्पन्न **२५ देखि ५० शैयाको सामुदायिक अस्पताल निर्माणका साथै विशेषज्ञ सहितको सेवाका** लागी विशेष पहल गरिनेछ ।

३.२ भजनी नगरपालिकाका बालबालिकाहरुलाई कुपोषण रहित बनाउन **पोषण कार्यक्रम** सञ्चालन गरिनेछ ।

३.३ अनियन्त्रित रुपमा बिक्री वितरण भैराखेको मदिराको नियन्त्रण गरि निश्चित ठाउँ/पसलमा मात्र बिक्री केन्द्र तोक्ने र बालबालिकाहरुलाई किन्ने र बेच्ने दुबै कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

३.४ भजनी नगरवासीको लागी **अनिवार्य स्वास्थ्य बिमा** कार्यक्रम सञ्चालन गरिनेछ ।

३.५ प्रत्येक वडामा स्वास्थ्य केन्द्र स्थापना गरि **स्वस्थ्य तथा आर्युवेद जाच** (**घुम्ती शिविर**) अभियानको आयोजना गरिनेछ ।

३.६ लागुपदार्थ तथा बालदुर्व्यसनिमा फसेका बालबालिकाको लागि मनोविमर्श कार्यक्रम मार्फत जनचेतना जगाउने ।

३.७ **"योग गरौं, शारीरिक तन्दुरुस्त बनौ"** भन्ने नाराका साथमा प्रत्येक वडामा वडा स्तरिय योग शिविर संचालन हुनेछन ।

## ४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

४.१ भजनी नगरपालिकाको उचित ठाउको पहिचान गरी **जेष्ठ नागरिक मिलन केन्द्र** तथा आवास गृह निर्माण गरी जेष्ठ नागरिकहरलाई विश्राम, मनोरञ्जन र निशुल्क आवासको व्यवस्था गरिनेछ ।

४.३ महिला शसक्तिकरण तथा उत्थानका लागि महिला आयआर्जन तथा आत्मनिर्भरतामुखी कार्यक्रमहरु लागु गरिनेछ ।

४.४ नेपालको संविधानमा प्रदत्त आदिवासी जनजातिका अधिकारलाई सुनिश्चित गर्दै आर्थिक सामाजिक एवं सांस्कृतिक विकास गर्न उपयुक्त कानुनी व्यवस्था र संरचनाको विकास गरिनेछ ।

१.५. नगरका विभिन्न क्षेत्रमा चेलीबेटी बेचबिखन तथा महिला हिंसाका घटना न्यूनिकरण गर्ने तथा सामाजिक सचेतना अभिवृद्धि गर्नेखालका कार्यक्रम संचालन गरिनेछ ।

१.६ खुल्ला सिमाका कारण दिन प्रतिदिन बढदै गईरहेको चेली बेटी बेचविखन भईरहेकोले उक्त कार्य न्यूनिकरणका लागी नेपाल भारत सिमामा रहेको सिमा क्षेत्रलाई कढाईका साथ व्यवस्थित गरी उक्त कार्य रोक्नका लागी सिमा क्षेत्रमा परामर्श केन्द्रको पहल गरिनेछ ।

१.७ महिला माथिहुने सबै प्रकारका हिंसा तथा विभेद अन्त्यगर्नका लागि सो सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गरी महिला माथि हुने बिभेद अन्त्यको लागि विशेष पहल गरिनेछ ।

## घ वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :

## १. जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण

१.१ नगरपालिकामा **विपद् व्यवस्थापन केन्द्र र विपद् व्यवस्थापन कोष स्थापनाका** माध्यमबाट आवश्यक पूर्व तयारी गरी प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षीत वनाईनेछ ।

१.२ नगर क्षेत्र भित्रका मुख्य सडक तथा सार्वजनिक स्थानहरुमा विकास साझेदारहरुको सहकार्यमा हरियाली विकास निर्माण गरि **Clean** र **Green City** अभियान सञ्चालनमा ल्याइनेछ ।

## २. वातावरण संरक्षण तथा सरसफाई :

२.१ **स्वस्थ नागरिक, नगरको जिम्मेवारी** नारालाई सार्थक तुल्याउन भजनी नगरपालिकालाई सफा, सुन्दर नगरपालिका बनाउन वडा तथा टोलमा नियमित सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

२.२ फोहोरमैला व्यवस्थापनका लागि **ल्याण्डफिल्ड साइटको** व्यवस्था गरी फोहोर व्यवस्थापन गरिनेछ ।

२.३ बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा क्रमशः सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

२.६ फोहोरमैलालाई Reduce, Recycle and Reuse(3R) गर्नेअभियानलाई प्रोत्साहन गरिने छ ।

## ३. वन, भूसंरक्षण तथा जैविक विविधता

३.१ प्राकृतिक स्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो वन विकास कार्यक्रम संचालन गरी **स्वच्छ हावा, स्वस्थ दिमाग र सभ्य समाज निर्माण** अभियानमा जोड दिइनेछ ।

३.२ अव्यवस्थित शहरीकरणालाई व्यवस्थापन गर्दै **सुन्दर नगर, सभ्य समाज** निर्माण गर्न वातावरण संरक्षण तथा सम्बर्द्धनका कार्यक्रममा विशेष जोड दिइनेछ ।

३.३ वन वातावरण संरक्षणका लागि गोबर ग्यास तथा सौर्य उर्जा कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।

३.४ नगर क्षेत्रभित्र चिल्ड्रन पार्क तथा नगर उद्यानहरु निर्माण गरिनेछ ।

## ११.जग्गा धनीपुर्जा तथा भू–उपयोग नीति

११.१ नगर क्षेत्रमा खेतीयोग्य र वसोवासयोग्य क्षेत्र पहिचान गरि, उपयुक्त **भू उपयोग नीति र सार्वजनिक जग्गा संरक्षण निर्देशिका** तयार गरि लागु गरिनेछ ।

११.२ संविधानमा उल्लेख भएवमोजिम प्रदेश तथा संघिय सरकारवाट अधिकार प्रत्योजित भए अनुरुप उपयुक्त कार्यविधि मार्फत नापी नक्सा, घरजग्गा धनी पुर्जा अद्यावधिक गर्ने र वितरण कार्यको व्यस्था मिलाइनेछ ।

११.४ नगर क्षेत्रमा रहेका सार्वजानिक जग्गा प्राकृतिक सम्पदाहरूको लगत लिई आवश्यक प्रक्रिया पुरागरी नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्वन गरिनेछ ।

११.५ नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी विना स्वीकृति प्लानिङ्ग गर्ने कार्यलाई कानूनी दायरामा ल्याउन **एकीकृत जग्गा विकास योजना** स्वीकृति नलिएसम्मका लागि कित्ता काट गर्ने र नक्सापास तथा अन्य भौतिक संरचनाको निर्माणका लागि सिफारिस तथा स्वीकृति रोक्का राख्ने नीति लिइनेछ ।

# ङ सार्वजनिक सेवा तथा क्षमता विकास समिति :

## १ संगठन संरचना, दरबन्दी र कार्यविवरण :

१.१ विभिन्न निकायबाट सरुवा भैआएका कर्मचारीहरुलाई सम्बन्धित फाँट वा नगरकार्यपालिकाले तोके बमोजिम फाँटमा जिम्मेवारी दिइनेछ । प्रवाहकारी ढंगले सेवा प्रवाहकालागी कर्मचारीहरुलाई कर्तव्यनिष्ठ बनाइनेछ ।

१.२ कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिनेछ ।

१.३ प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१.४ भजनी नगरपालिकाका स्थायी कर्मचारीहरुका लागी कर्मचारी कल्याण कोषको व्यवस्था गरिनेछ ।

## २ सुशासन सेवा प्रवाह :

१.१ नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।

१.२ नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन विद्युतिय सुचना पाटीको व्यवस्था गरिनेछ ।

१.३ भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।

# च. सक्षम न्याय प्रणाली र कानूनी व्यवस्था :

१ छिटो, छरितो, पहुच योग्य र प्रभावकारी न्याय प्रणलीको विकास गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि नेपालको संविधानको अनुसूची ८ र ९ अन्तर्गतका विषयका आवश्यक कानूनहरु क्रमशः निर्माण गरिनेछ ।

२ स्थानीय सरकारले अवलम्बनमा ल्याएका अन्तराष्ट्रिय न्याय प्रणालीको अध्ययन गरी नेपालको संविधानको क्षेत्राधिकारभित्र रही न्यायिक कार्य र विवाद समाधानका बैकल्पिक उपायहरु अवलम्वन गरिनेछ ।

३ भजनी नगरवासीलाई न्यायिक समिति मार्फत छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाईनेछ ।

४ नगरपालिकाको सेवा सञ्चालनसाग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ ।

५ भजनी नगरपालीकाले स्वीकृत गर्ने कानुनहरु तथा निर्णयहरु सर्वसाधारणको जानकारीका लागि स्थानीय सुचना केन्द्रमा राखिनेछ ।

६ मानव अधिकार तथा नागरिक अधिकारको पूर्णरुपमा प्रत्याभुति गराउन संविधानले प्रदान गरेका हक अधिकारको रक्षा गर्न अठोटका साथ लागि पर्ने छु ।

## बजेट वक्तव्य

**आदरणीय उपस्थित माहानुभावज्यूहरु , अब म आर्थिक वर्ष ०७४/०७५को बजेटको विश्लेषणात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।**

| विवरण | रकम रु अंकमा | रकम रु अक्षरमा |
|---|---|---|
| आय तर्फ | | |
| आन्तरिक राजस्व | १७५००००० | एक करोड पचहत्तर लाख |
| राजस्व बाँडफांडबाट प्राप्त रकम | २०००००० | बिस लाख |
| गत बर्षको आ. ल्या. | २३०६५३८६ | दुइ करोड तिस लाख पैसठी हजार तिन सय छयासी |
| नेपाल सरकारबाट प्राप्त रकम | ३५९५८०००० | पैतिस करोड पन्चानब्बे लाख असि हजार |
| सामाजिक सुरक्षा रकम | ८७३८१६०० | आठ करोड त्रिहत्तर लाख एकासी हजार छ सय |
| संघिय संरचना पुर्बाधार विकास कार्यक्रम रकम | ४८०००००० | अठचालिस लाख |
| सिमा क्षेत्र बिकाश कार्यक्रम रकम | ३०००००० | तिस लाख |
| सडकबोर्ड नेपालको कार्यक्रम रकम | २५००००० | पच्चिस लाख |
| जनसहभागिता अन्तर्गत सौर्य सडक बत्ति कार्यक्रम अनुदान | २५००००० | पच्चिस लाख |
| जम्मा | ५०२३२६९८६ | पचास करोड तेइस लाख छबिस हजार नौ सय छयासी |
| व्यय तर्फ | | |

| | | |
|---|---|---|
| चालु खर्च | २१५४०१६०० | एकाइस करोड चौवन्न लाख एक हजार छ सय |
| पुँजीगत खर्च | २८६९२५३८६ | अठाइस करोड उन्तिस लाख पच्चिस हजार तिन सय छयासी |
| **जम्मा** | **५०२३२६९८६** | **पचास करोड तेइस लाख छबिस हजार नौ सय छयासी** |

**उपस्थित माहानुभावज्यूहरु**

उपस्थित सामुहिक प्रयासवाट मात्र यो बजेट संभव छ । समग्र भजनी नगरको विकास वाट समृद्धि प्राप्तिको लक्ष्य लाई ठोस रुपमा अगाडि वढाउदै तर्जुमा भएका योजना तथा कार्यक्रमहरुहरुलाई प्रभावकारी र वैज्ञानिक एबम निरन्तर कार्यान्वयन गर्न सवैतिरवाट यथोचित सहयोग हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु,सभासद ज्युहरु,नगरस्थित क्रियाशिल राजनितिक दलका मित्रहरु ,नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः हार्दिक धन्यवाद दिन चाहन्छु । भजनी नगरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दात्री निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म भजनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गदै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु ।

शेर बहादुर चौधरी
नगर प्रमुख

हार्दिक धन्यवाद सहित अभिबादन !!

दिनाङ्क २०७४ साल भाद्र ३१ गते शनिवार ।